प्रस्तावहरूः

१. आ.व.२०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुति तथा पारित गर्ने सम्बन्धमा।
२. विधेयक प्रस्तुति तथा पारित गर्ने सम्बन्धमाः आर्थिक विधेयक, २०८३
३. विधेयक प्रस्तुति तथा पारित गर्ने सम्बन्धमाः विनियोजन विधेयक, २०८३
४. आ.व.२०८३/८४ को बजेट प्रस्तुति तथा पारित गर्ने सम्बन्धमा।
५. आ.व.२०८२/८३ मा रकमान्तर/शिर्षकान्तर गरी गरिएको खर्च अनुमोदन गर्ने तथा रकमान्तर/शिर्षकान्तर गर्ने सम्बन्धमा।
६. आ.व. २०८२/८३ मा विनियोजित बजेट, योजना तथा कार्यक्रमहरूको खर्च अनुमोदन गर्ने सम्बन्धमा।
७. गाउँसभाको पन्ध्रौ अधिवेशन पश्चात्का कार्यपालिकाका निर्णयहरू अनुमोदन सम्बन्धी।
८. महालेखा परिक्षकको प्रतिवेदन,बेरूजु छलफल तथा फछ्र्यौंट सम्बन्धमा।
९. न्यायिक समितिको प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।
१०. योजना अनुगमन प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।
११. आ.व.२०८२/०८३ को हालसम्मको वार्षिक प्रगति विवरण सम्बन्धमा।
१२. मेलमिलाप कर्ताहरुको सुचिकृत सम्बन्धमा ।
१३. थुलुङ दुधकोशी खेलग्रामको भेरिएसन स्वीकृत सम्बन्धमा ।
१४. आ.व.२०८२/८३ मा संचालन हुन नसकेका योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा ।
१५. आवधिक १० वर्षे गाउँ शिक्षा योजना पारित सम्बन्धमा ।
१६. कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि, २०८३ स्वीकृत सम्बन्धमा।
१७. रोलर मेशिन र ब्याकुलोडर मेशिन संचालन कार्यविधि पारित सम्बन्धमा ।

<u>निर्णयहरूः</u>

१. यस थुलुङ दुधकोशी गाउँपालिकाको मिति २०८३/०३/०९ गतेको कार्यपालिकाको बैठकले आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सम्मानित गाउँसभाको सोह्रौं अधिवेशनमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरे बमोजिम आ.व.२०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभामा दफादार छलफल पश्चात् सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।
२. यस थुलुङ दुधकोशी गाउँपालिकाको आ.व.२०८३/०८४ को प्रस्तावित आर्थिक विधेयक, २०८३ दफादार छलफल पश्चात् यस सम्मानित गाउँसभाबाट सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।
३. यस थुलुङ दुधकोशी गाउँपालिकाको आ.व. २०८३/०८४ को प्रस्तावित विनियोजन विधेयक, २०८३ दफादार छलफल पश्चात् यस सम्मानित गाउँसभाबाट सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।
४. यस थुलुङ दुधकोशी गाउँपालिकाको मिति २०८३/०३/०९ गतेको कार्यपालिकाको बैठकले आ.व. २०८३/०८४ को बजेट सम्मानित गाउँसभाको सोह्रौं अधिवेशनमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरे बमोजिम गाउँपालिका श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सविता राईज्यूद्वारा प्रस्तावित आ.व. २०८३/०८४ को बजेट यस सम्मानित गाउँसभामा दफादार छलफल पश्चात् सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।
५. आ.व.२०८३/८४ तपसिल बमोजिमका योजनाहरु रकामान्तर/शिर्षकान्तर/संशोधन गरी खर्च तथा भुक्तानी गर्ने निर्णय सर्वसम्मतले अनुमोदन गरी पारित गर्ने निर्णय गरियो।

योजना तथा कार्यक्रमहरूको विवरणः

| क्र.सं. | विनियोजन गरिएको शिर्षक | विनियोजित रकम रु. | रकमान्तर/शीर्षकान्तर/संशोधन गर्ने खर्च शिर्षक | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | अनुग्राह स्वतन्त्री मण्डली | २५००००.०० | देविस्थान कुर्लुङ कार्तिके सडक स्तरउन्नती वडा नं.१ | २०००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| | | | १ नं. वडा कार्यालयको घेरावार तथा व्यवस्थापन( वडा नं.१) | ५००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| २. | वडा कार्यालय व्यवस्थापन | २९२०६६.०० | १ नं. वडा कार्यालयको घेरावार तथा व्यवस्थापन( वडा नं.१) | २९२०६६.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| ३. | आहाले चोर्तिम पाँचिम हुदै डाँडाखर्क सडक ट्र्याक ओपन | २५००००.०० | भितेखोला सिमेन्टेड क्लवर्ड पुल निर्माण वडा नं.१ | २५००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| ४. | सिद्धाथान मन्दिर तारजाली र पर्खाल निर्माण | २५००००.०० | भित्तेखोला सिमेन्टेड क्लवर्ड पुल वडा नं.१ | २५००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| ५. | रक्तकालीका मन्दिर निर्माण | ५००००.०० | नेले स्वास्थ्य चौकीको लागी फ्रिज खरिद वडा नं.१ | ५००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |

| क्र.सं. | विनियोजन गरिएको शिर्षक | विनियोजित रकम रु. | रकमान्तर/शीर्षकान्तर/संशोधन गर्ने खर्च शिर्षक | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| ६. | सेतीदेवी कान्छी वहिना मन्दिर निर्माण | १०००००.०० | लालीगुराँस गुठी फर्निचर खरिद-१ | १०००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| ७. | सवारी साधन खरिद | ५०००००.०० | गोगने देखी वात्तिम सडकको स्तरउन्नती वडा न.-२ काँगेल | ५०००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| ८. | गैरी बोगल पोखरी भन्जयाङ्ग ट्रयाक ओपन | ५८००००.०० | बाहुन्डी वात्तिम सडक मर्मत तथा स्तर उन्नती वडा नं.२ काँगेल | ५८००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| ९. | खेलकुद कार्यक्रम | ३०००००.०० | रोलिम सडक स्तर उन्नती तथा विदेशीटार सडक ट्रयाक ओपन (वडा नं. ३) | ३०००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| १०. | दैविक प्रकोप तथा भैपरी आउने विविध खर्च | १०००००.०० | नुनथला देखी लोस्पु सम्म् सडक स्तरउन्नती (वडा नं. ३) | १०००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| ११. | कृषि तथा भेटनरी कार्यक्रम सम्बन्धी | ५००००.०० | वडा कार्यालयको लागी फर्निचर खरिद वडा नं.३ | ५००००.०० | वडा समितिको निर्णयानुसार शीर्षकान्तर |
| १२. | नन्देश्वरी मन्दिर मर्मत | १२००००.०० | कोल्बोटे खेलग्राम जाने बाटो मर्मत-६ | १२००००.०० | वडा समितिको निर्णयानुसार शिर्षकान्तर |
| १३. | जुसुजाम उद्योग संचालन बीउ पूजिँ | २५००००.०० | लुची शुम्बु सडक ट्रयाक ओपन-७ | १०००००.०० | वडा समितिको निर्णयानुसार शिर्षकान्तर |
| | | | सामलेकु पुल निर्माण-७ | १५००००.०० | वडा समितिको निर्णयानुसार शिर्षकान्तर |
| १४. | छात्राबृत्ती कार्यक्रम | १०००००.०० | अम्रास आ.वि.कार्यालय व्यवस्थापन तथा मसलन्द कार्यक्रम-८ | १०००००.०० | वडा समितिको निर्णयानुसार शिर्षकान्तर |
| १५. | बर्मा दिङ्गेल खानेपानी | ३५००००.०० | दुधकोशी फ्रेन्डशीप यूवा परिवार मिक्चर साउन्ड सिस्टम खरिद-८ | १५००००.०० | वडा समितिको निर्णयानुसार शिर्षकान्तर |

| क्र.सं. | विनियोजन गरिएको शिर्षक | विनियोजित रकम रु. | रकमान्तर/शीर्षकान्तर/संशोधन गर्ने खर्च शिर्षक | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | क्ल्योम्पी दिङ्गेल हिलट्ङ्क खरिद-८ | २०००००.०० | |
| १६. | प्रज्वल तारा यूवा क्बल भवन निर्माण | १८५०००.०० | ईलेक्ट्रीक कपडा सिलाउने मेशिन खरिद-८(लक्षित वर्ग कार्यक्रम) | १८५०००.०० | वडा समितिको निर्णयानुसार रकामान्तर |
| १७. | चन्दने दियाले सडक | ५०००००.०० | विद्यालयलाई स्माट बोर्ड खरिद तथा वडा कार्यालय लाई प्रयोजन ल्यापटप खरिद-९ | ९०००००.०० | वडा समितिको निर्णयानुसार शिर्षकान्तर |
| १८. | खाङरी चर्च | २०००००.०० | | | |
| १९. | बेशी सामुदायिक संस्था भवन | २०००००.०० | | | |
| २०. | पारिश्रमिक पदाधिकारी | ४१५०००.०० | थुलुङ दुधकोशी गाउँपालिकामा कार्यरत करार कर्मचारीको पारिश्रमिक | २३,१०,०००.०० | कार्यपालिकाको निर्णयानुसार |
| २१. | पारिश्रमिक कर्मचारी | १३६०००.०० | | | |
| २२. | पोशाक | २१००००.०० | | | |
| २३. | पुस्तक तथा सामाग्री खर्च | २५००००.०० | | | |
| २४. | मंहगी भत्ता | ६८३०००.०० | | | |
| २५. | प्रकोप व्यवस्थापन कोष खाता | ५०००००.०० | | | |
| २६. | अपाङ्गता भएका व्यक्तिहरुको लागि मौरी पालन र घार निर्माण सम्बन्धी तालिम पुनताजकीय तालिम | ११६०००.०० | | | |
| २७. | कफि खेती विकास कार्यक्रम | १३२२२१.५० | प्लाष्टिक घर निर्माण | १३२२२१.५० | कार्यपालिकाको निर्णय अनुसार |
| २८. | कभर्ड हल निर्माण वडा नं.-९ लोखिम | ९४७६१८.०० | ९ नं. वडा कार्यालयको लागी मेशनरी औजार सामाग्रीहरु खरिद | ९४७६१८.०० | वडा समितिको निर्णयानुसार शिर्षकान्तर |

| क्र.सं. | विनियोजन गरिएको शिर्षक | विनियोजित रकम रु. | रकमान्तर/शीर्षकान्तर/संशोधन गर्ने खर्च शिर्षक | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| २९. | नमुना विद्यालय कार्यक्रम | ६६३०००.०० | कार्यालयको लागी मेशनरी सामाग्री खरिद | ६६३०००.०० | कार्यपालिकाको निर्णय अनुसार |

६. आ.व.२०८२/०८३ को गाउँसभाबाट स्वीकृत भएका, योजना तथा कार्यक्रमहरूको कार्यान्वयनको क्रममा सिर्जना भएका सम्पुर्ण खर्च तथा भुक्तानीहरू अनुमोदन गर्ने निर्णय सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो।

७. आ.व. २०८२/०८३ को गाउँसभाको पन्ध्रौ अधिवेशन पश्चात् हालसम्म भएका कार्यपालिकाको बैठकले गरेका तपसिलका निर्णयहरू अनुमोदन सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | कार्यपालिका बैठक | निर्णयहरू |
|---|---|---|
| १ | २०८२/११/०४ | १. अघिल्लो बैठक निर्णयहरूको समीक्षा सम्बन्धमा। |
| | | २. मेड्पा कार्यक्रम संचालनार्थ वडा छनोट सम्बन्धमा। |
| | | ३. आर्थिक सहायता कार्यक्रम सम्बन्धी। |
| | | ४. नदिजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन संकलन ओसारप्रसार तथा बिक्री वितरण र नदिजन्य पदार्थमा आधारित उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९ संशोधन सम्बन्धमा। |
| २ | २०८२/१२/०७ | १. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। |
| | | २. ठेक्का पुन आवाह्न गर्ने सम्बन्धमा। |
| | | ३. सरुवा सहमति सम्बन्धमा। |
| | | ४. तह मिलान सम्बन्धमा । |
| | | ५. प्रारम्भिक वातावरणीय परिक्षण IEE सम्बन्धी प्राविधिक समिति गठन सम्बन्धमा। |
| | | ६. खाम्पाचे शेर्पा निर्माण सेवा प्रा.ली.को क्रसर छानविन समिति गठन सम्बन्धमा । |
| | | ७. प्राकृतिक प्रकोपबाट पिडितहरुलाई राहत वितरण सम्बन्धमा । |
| | | ८. LGPAS । |
| | | ९. विविध |
| ३ | २०८३/०१/०७ | १. अघिल्लो बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा। |
| | | २. कोशी प्रदेश,योजना आयोगको योजना बैंक सूचना प्रणाली मार्फत आयोजना प्रस्ताव गर्ने सम्बन्धमा । |
| ४ | २०८३/०२/१० | १. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी,२०७७ संशोधन सम्बन्धमा। |

| क्र.सं. | कार्यपालिका बैठक | निर्णयहरू |
|---|---|---|
| | | २. एम्बुलेन्स संचालन निर्देशिका २०७९ तथा थुलुङ दुधकोशी गाउँपालिकाको कृषि एम्बुलेन्स संञ्चालन कार्यविधि,२०८३ स्वीकृत सम्बन्धमा । |
| | | ३. योजना प्रस्ताव स्वीकृत तथा भुक्तानी सम्बन्धमा । |
| | | ४. १० शैयाको अस्पतालको म्याद थप सम्बन्धमा। |
| | | ५. थुलुङ दुधकोशी खेलग्रामको भेरिएसन सम्बन्धमा। |
| | | ६. थुलुङ दुधकोशी अस्पतालको लागी आवश्यक औजार उपकरण तथा मेशनरी सामाग्री खरिद सम्बन्धमा। |
| | | ७. वार्षिक स्वीकृत योजनाको कार्यन्वयन तथा भुक्तानी सम्बन्धमा। |
| | | ८. गाउँपालिकाको शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा। |
| | | ९. विविध |
| ५ | २०८२/०३/०२ | १. अघिल्लो बैठक निर्णयहरूको समीक्षा सम्बन्धमा। |
| | | २. आ.व.२०८३/८४ को वार्षिक बजेट क्यालेन्डर सम्बन्धमा |
| | | ३. आर्थिक सहायता सम्बन्धमा । |
| | | ४. विद्यालय दिवा खाजा कार्यक्रम प्रवर्धन सम्बन्धमा। |
| | | ५. कफि खेति विकास कार्यक्रम सम्बन्धमा । |
| | | ६. विविध सम्बन्धमा । |
| | २०८२/०३/०९ | ७. अघिल्लो बैठक निर्णयहरूको समीक्षा सम्बन्धमा। |
| | | ८. योजना अनुगमन प्रतिवेदन सम्बन्धी। |
| | | ९. घर जग्गा न्युनतम मुल्यांकनमा सम्बन्धमा। |
| | | १०.आवधिक योजना स्वीकृत सम्बन्धमा। |
| | | ११.रोजगार रणनीति अद्यावधिक गरि स्वीकृत गर्ने सम्बन्धमा। |
| | | १२.गुम्बा शिक्षा सञ्चालनका अनुमति सम्बन्धी। |
| | | १३.विविध। |

८. आर्थिक वर्ष २०८१/८२ को महालेखापरिक्षकको कार्यालयको अन्तिम प्रतिवेदनको सम्बन्धमा दफावार छलफल गरि बेरुजु सम्परिक्षणको लागी आवश्यक कागजात तथा प्रमाण पेश गरी सम्परिक्षणको लागी श्री महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । साथै सार्वजनिक लेखा समितिको मिति २०८२/०३/०३ गते श्री ईन्द्रमणी दाहालज्यूको संयोजकत्वमा बसेको बैठकद्वारा अन्तिम लेखा परीक्षण प्रतिवेदनले आर्थिक वर्ष (२०७६/७७), आर्थिक वर्ष (२०७८/७९), आर्थिक वर्ष (२०७९/८०), आर्थिक वर्ष (२०८०/८१) र आर्थिक वर्ष (२०८१/८२) को नियमित गर्नुपर्ने भनी औंल्याएको बेरुजुहरु नियमित गर्नको लागि गाउँसभाको सोह्रौं अधिवेशमामा पेश गर्ने भनीए बमोजिम उक्त प्रतिवेदनद्वारा औलाईएको तपसिलका औलाईका प्रस्तावित बेरूजुहरू उपर व्यापक छलफल पश्चात् नियमित गर्न श्री महालेखापरीक्षकको कार्यालयलाई लेखी पठाउने निर्णय सर्वसम्मतले पारित गरियो।

तपसिलः

**<u>प्रस्ताव नम्बर (८.१):-</u>** अन्तिम लेखा परीक्षण प्रतिवेदनले आर्थिक वर्ष २०७६/०७७ को नियमित गर्नुपर्ने भनी औंल्याएको बेरुजु नियमित गर्दै सम्परिक्षणका लागि श्री महालेखा परीक्षकको कार्यालयलाई लेखी पठाउने सम्बन्धमा।

**<u>प्रस्ताव नम्बर (८.२):-</u>** अन्तिम लेखा परीक्षण प्रतिवेदनले आर्थिक वर्ष २०७८/०७९ को नियमित गर्नुपर्ने भनी औंल्याएको बेरुजु नियमित गर्दै सम्परिक्षणका लागि श्री महालेखा परीक्षकको कार्यालयलाई लेखी पठाउने सम्बन्धमा।

**<u>प्रस्ताव नम्बर (८.३):-</u>** अन्तिम लेखा परीक्षण प्रतिवेदनले आर्थिक वर्ष २०७९/०८० को नियमित गर्नुपर्ने भनी औंल्याएको बेरुजु नियमित गर्दै सम्परिक्षणका लागि श्री महालेखा परीक्षकको कार्यालयलाई लेखी पठाउने सम्बन्धमा।

**<u>प्रस्ताव नम्बर (८.४):-</u>** अन्तिम लेखा परीक्षण प्रतिवेदनले आर्थिक वर्ष २०८१/८२ को नियमित गर्नुपर्ने भनी औंल्याएको बेरुजु नियमित गर्दै सम्परिक्षणका लागि श्री महालेखा परीक्षकको कार्यालयलाई लेखी पठाउने सम्बन्धमा।

<u>निर्णय नम्बर (८.१)</u>

प्रस्ताव नम्बर (८.१) माथि छलफल गर्दा सार्वजनिक लेखा समितिको विभिन्न मितिमा बसेको बैठकले गरेको सिफारिस समेतका आधारमा आर्थिक वर्ष २०७६/७७ को लागि अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नु पर्ने बेरुजुका सम्बन्धमा दफावार छलफल गर्दै उल्लिखित बेरुजुहरु देहाय बमोजिम नियमित समेत गर्दै सम्परिक्षणका लागि श्री महालेखा परीक्षकको कार्यालयमा लेखी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| १ | | सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरीद गर्दा अधिकतम प्रतिस्पर्धा, पारदर्शिता र मितव्ययिता कायम हुने गरी खरीद गर्नुपर्ने र प्रतिस्पर्धा सीमित नहुने गरी कार्य गर्नुपर्ने स्पष्ट व्यवस्था छ। त्यसैगरी सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार निर्धारित सीमा (रु. ५ लाखसम्म सोझै, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्र र सोभन्दा माथि बोलपत्र) बमोजिम मात्र खरीद प्रक्रिया अपनाउनुपर्छ। नियमावली बमोजिम सोझै खरीद गर्दा एकै आर्थिक वर्षमा निर्धारित सीमाभन्दा बढी हुने गरी टुक्राएर खरीद गर्न नपाइने र एउटै आपूर्तिकर्ता/सेवाप्रदायकबाट एक पटकभन्दा बढी सोझै खरीद गर्न नहुने कानूनी प्रावधान रहेको छ। गाउँपालिकाले यो वर्ष पूजिंगत तथा चालु किसिमका विभिन्न वस्तु वा सेवाको खरिद प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद गरेकोले उक्त खरिद कार्य नियमसम्मत नेदेखिएको रकम रु... | रु.१८,७२,०५०.०० | थुलुङ दुधकोशी गाउँपालिका वडा नं.६ मुक्लीमा संचालित थुलुङ दुधकोशी प्राविधिक शिक्षालयको लागी गाउँपालिमा सूचिकृत भएका फर्म/कम्पनि तथा सप्लायर्स संग थुलुङ दुधकोशी प्राविधिक शिक्षालयको लागी अति आवश्यक ल्याव सामाग्रीहरु तथा अन्य मेशनरी औजार सामाग्रीहरु सार्वजनिक खरिद ऐन,२०६३ मा भएको सोझै खरिद सम्बन्धी भएको व्यवस्था बमोजिम खरिद गरिएको देखिएको र खरिद गरिएका आवश्यक सामाग्रीहरु थुलुङ दुधकोशी प्राविधिक शिक्षालयको जिन्सीमा कितावमा समेत आम्दानी बाँधिएकोले सो भुक्तानी भएको रकम सरकारी हानी नोक्सानी नभएको र सही ठाउँमा प्रयोग भएकोले सो बेरुजु रकम नियमित गर्दै संम्परिक्षण गरिदिनका लागी महालेखापरिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | रु.१८,७२,०५०.०० |

<u>निर्णय नम्बर (८.२)</u>

प्रस्ताव नम्बर (८.२) माथि छलफल गर्दा सार्वजनिक लेखा समितिको विभिन्न मितिमा बसेको बैठकले गरेको सिफारिस समेतका आधारमा आर्थिक वर्ष २०७८/७९ को लागि अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याएको पेश्की बेरुजुका सम्बन्धमा दफावार छलफल गर्दै उल्लिखित बेरुजुहरु प्राविधिक कार्य सम्पन्न प्रतिवेदनका आधारमा देहाय बमोजिम सम्परिक्षणका लागि श्री महालेखा परीक्षकको कार्यालयमा लेखी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| १ | २१ | मु.अ.करमा दर्ता नभएको संग खरिदः- सार्वजनिक खरिद नियमावलि.२०६४ को नियम १९ (२) (१क) मा सार्वजनिक निकायाले रु. बिस हजार भन्दा बढीको | रु.१,३१,८९०.०० | थुलुङ दुधकोशी गाउँपालिकाले मु.अ.कर दर्ता नभएका फर्म व्यक्ति संस्था वा कम्पनिवाट | रु.१,३१,८९०.०० |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| | | कुनै खरिद गर्दा मु.अ.करमा दर्ता भएको फर्म व्यक्ति संस्था वा कम्पनिवाट गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसार खरिद गर्द मु.अ.करमा दर्ता नभएका फर्म र कम्पनिवाट खरिद गरेको अनियमित रकम रु... | | खरिद नभएतापनि प्यानमा दर्ता भएका फर्म/व्यक्ति/संस्था वा कम्पनिवाट खरिद गरिएको र खरिद गरिएका सामाग्रीहरु कार्यालयमा दाखिला भएकोले सरकारी हानी नोक्सानी नभएको र सही ठाउँमा प्रयोग भएकोले सो बेरुजु रकम नियमित गर्दै संम्परिक्षण गरिदिनका लागी महालेखापरिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | |
| २ | २८.४ | पालिकालाई प्राप्त कृषि कार्यक्रमको सर्शत रकम प्रदेश तथा स्थानीय तहमा सशर्त हस्तान्तरण भई प्राप्त कृषि कार्यक्रमहरू कृषि कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ को आधारमा तोकिएको मापदण्ड र क्रियाकलाप बमोजिम नै सञ्चालन गरी खर्च गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ। उक्त कार्यविधिको परिच्छेद ३ को दफा २५ मा मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत छनोट भएका कृषक, उद्यमी, कृषक समूह र कृषि सहकारीलाई तोकिएको आधारमा छनोट गरी ५० प्रतिशत अनुदानमा मकै खेती कार्यक्रम सञ्चालन गर्न सकिने प्रावधान रहेको छ। यस पालिकालाई प्राप्त मकै प्रवर्द्धन कार्यक्रमको कुल बजेट रु. २५,००,०००। (पच्चीस लाख) बाट कार्यक्रम सञ्चालन गर्दा तोकिएको मकै खेती प्रवर्द्धन सम्बन्धी क्रियाकलापमा खर्च नगरी, निर्देशिकाको व्यवस्था विपरीत ११ वटा संस्थाहरूलाई भकारो गोठ सुधारतर्फको कार्यमा प्रति संस्था रु. १०,०००। का दरले कुल रु. १,१०,०००। (एक लाख दस हजार) भुक्तानी गरेको पाइयो। स्वीकृत निर्देशिका र कार्यविधिको उद्देश्यभन्दा | रु.१,१०,०००.०० | गाउँपालिकाले मकै खेति कार्यक्रम प्रवर्द्धन कार्यक्रमका लागी उद्देश्य फरक भएको फर्मलाई मकै प्रवर्द्धन कार्यक्रम वापतको रकम भुक्तानी भएतापनि जुन उद्देश्य र लक्ष्यका साथ भुक्तानी भएको सो भुक्तानी सो भुक्तानी भएको रकम सरकारी हानी नोक्सानी नभएको र सही ठाउँमा प्रयोग भएकोले सो बेरुजु रकम नियमित गर्दै संम्परिक्षण गरिदिनका लागी महालेखापरिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | रु.१,१०,०००.०० |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| | | फरक हुने गरी अन्य क्रियाकलापमा रकम खर्च गरी अनियमितता गरिएको रु.१,१०,०००.००नियमसम्मत देखिएन। | | | |

निर्णय नम्बर (८.३)

प्रस्ताव नम्बर (८.३) माथि छलफल गर्दा सार्वजनिक लेखा समितिको विभिन्न मितिमा बसेको बैठकले गरेको सिफारिस समेतका आधारमा आर्थिक वर्ष २०७९/८० का लागि अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नु पर्ने बेरुजुका सम्बन्धमा दफावार छलफल गर्दै उल्लिखित बेरुजुहरु देहाय बमोजिम नियमित समेत गर्दै सम्परिक्षणका लागि श्री महालेखा परीक्षकको कार्यालयमा लेखी पठाउने निर्णय सर्वसम्मतील पारित गरियो।

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| १ | २२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा आवश्यक कार्यसम्पादन, नतिजा तथा औचित्यता सुनिश्चित हुनुपर्ने कानूनी व्यवस्था रहेको छ। गाउँपालिकाले भौचर नं. ५१३ (मिति २०८०।०३।३०) मार्फत 'गाउँ शिक्षा योजना' निर्माणका लागि मिति २०७९।११।१६ मा श्री गणेश बहादुर गुर्धामीलाई रु. २,०००,०००/- (दुई लाख) पेश्की भुक्तानी दिएको देखिन्छ। तर, उक्त योजनाको अन्तिम प्रतिवेदन प्राप्त भई नसकेको र दाखिल प्रतिवेदन पेश नभएको अवस्थामा नै लेखापरीक्षण अवधिसम्म पनि प्रतिवेदन प्राप्त बेगर वर्षान्तमा पेश्की फछ्र्यौंट गर्ने कार्य नियम सम्मत नभएको रकम रु........... | रु.२,००,०००.०० | श्री गणेश बहादुर गुर्धामीलाई शिक्षा योजना निर्माणका लागी पेश्की दिएकोमा अन्तिम प्रतिवेदन तयार प्राप्त नभई पे.फ.गरिएकोमा वर्षान्तको अन्तिममा प्रतिवेदन प्राप्त भएकोले सो भुक्तानी दिएको रकम सरकारी हानी नोक्सानी नभएको र सही ठाउँमा प्रयोग भएकोले सो बेरुजु रकम नियमित गर्दै संम्परिक्षण गरिदिनका लागी महालेखापरिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | रु.२,००,०००.०० |

निर्णय नम्बर (८.४)

प्रस्ताव नम्बर (८.४) माथि छलफल गर्दा सार्वजनिक लेखा समितिको विभिन्न मितिमा बसेको बैठकले गरेको सिफारिस समेतका आधारमा आर्थिक वर्ष २०८१/८२ का लागि अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नु पर्ने बेरुजुका सम्बन्धमा दफावार छलफल गर्दै उल्लिखित बेरुजुहरु देहाय बमोजिम नियमित समेत गर्दै सम्परिक्षणका लागि श्री महालेखा परीक्षकको कार्यालयमा लेखी पठाउने निर्णय सर्वसम्मतील पारित गरियो।

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| १ | २८ | विद्युत महशुलमा हर्जना भुक्तानी | रु.२९,११२.०० | संघीय सरकारवाट गाउँपालिकालाई प्राप्त हुने राजश्व वाँडफाँड वापतको रकम समयमा | रु.२९,११२.०० |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| | | | | नै प्राप्त नहुने हुदाँ नेपाल विद्युत प्राधिकरणलाई विद्युत महशुल वापतको रकम समयमानै भुक्तानी नभएको देखियो। भुक्तानी भएको रकम पनि नेपाल विद्युत प्राधिकरणकै खातामा जम्मा गरिएको हुदाँ सरकारी हानी नोक्सानी नभएको र सही ठाउँमा प्रयोग भएकोले सो बेरुजु रकम नियमित गर्दै संम्परिक्षण गरिदिनका लागी महालेखापरिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | |
| २ | ३० | अन्य निकायको खर्च | रु.८८,१००.०० | थुलुङ दुधकोशी गाउँपालिका भित्रका नागारिकहरुको सुरक्षा गर्नका लागी यस गाउँपालिका भित्र रहेका प्रहरी चौकीहरुलाई गाउँपालिकाले सवारी साधन मर्मत गर्दा तथा कार्यालयको कामकाजको लागी सवारी साधन प्रयोग गर्दा लाग्ने इन्धन खर्च वापतको रकम भुक्तानी दिएको छ । सो भुक्तानी भएको रकम दोहोरो भुक्तानी नभएको,सरकारी कार्य प्रयोजनका लागी भुक्तानी भएको र सरकारी हानी नोक्सानी नभएकोले सो बेरुजु रकम नियमित गर्दै संम्परिक्षण गरिदिनका लागी श्री महालेखा परिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | रु.८८,१००.०० |
| ३ | ३१ | भ्रमण खर्च | रु.८२,५३०.०० | थुलुङ दुधकोशी गाउँपालिकाको कामकाजको लागी विभिन्न कार्यालयमा कार्यरत कर्मचारीहरुको दैनिक भ्रमण भत्ता वापतको रकम भुक्तानी गर्दा नियमसम्मत ढंङ्गले नियमानुसार | रु.८२,५३०.०० |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| | | | | पाउने रकम भुक्तानी भएकोले सो भुक्तानी रकम सरकारी हानी नोक्सानी नभएकोले सो बेरुजु रकम नियमित गर्दे संम्परिक्षण गरिदिनुका लागी श्री महालेखा परिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | |
| ४ | ३६.१ | लागत अनुमान | रु.१९,६५,५९१.०० | थुलुङ दुधकोशी गाउँपालिकाको कार्यालयको गाउँपालिकामा सूचिकृत भएका विभिन्न फर्म/कम्पनि/तथा सप्लायर्स संग सम्बन्धित कार्यको लागी दररेट माग गरी सबैभन्दा कम दररेटमा पेश गर्ने फर्म/कम्पनि/सप्लयार्स संग सम्झौता गरी प्राप्त प्रतिवेदन तथा बिलभरपाईका आधारमा भुक्तानी भएको सो भुक्तानी भएको रकम दोहोरो भुक्तानी नभएको तथा सरकारी हानी नोक्सानी नभएकोले सो बेरुजु रकम नियमित गर्दे संम्परिक्षण गरिदिनुका लागी श्री महालेखा परिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | रु.१९,६५,५९१.०० |
| ५ | ३८ | सार्वजनिक सुनुवाई कार्यक्रम | रु.८,९९,९९९.०० | थुलुङ दुधकोशी गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ को सार्वजानिक सुनुवाई कार्यक्रमको सम्मानित गाउँ सभावाट रु.८,९९,९९९.०० बजेट संघीय सरकारको राजश्व बाँडफाँड वाट भुक्तानी हुने गरी स्वीकृत भएको र गाउँपालिकाले अनुमान गरे बमोजिमको रकम प्राप्त नभएकोले सो वापतको रकम भुक्तानी दिन बाँकी रहेकोले सो भुक्तानी दिन बाँकी रहेको रकम सम्बन्धित कम्पनिलाई भुक्तानी दिएको र सो | रु.८,९९,९९९.०० |

| क.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| | | | | भुक्तानी भएको रकम दोहोरो भुक्तानी तथा सरकारी हानी नोक्सानी नभएकोले सो बेरुजु रकम नियमित गर्दै संम्परिक्षण गरिदिनका लागी श्री महालेखा परिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | |
| ६ | ४० | शिर्षक फरक | रु.१८,३७,६७९.०० | थुलुङ दुधकोशी गाउँपालिकाले प्रदेश लोक सेवा आयोगमा स्थायी कर्मचारीहरुको पद पूर्तिका लागी कर्मचारीको माग विवरण पठाएता पनि थुलुङ दुधकोशी गाउँपालिकामा स्थायी कर्मचारी सिफारिस भएर नआएकोले गाउँपालिका तथा वडा कार्यालयको दैनिक प्रशासनिक सेवा संचालन गर्नको लागी वडा सचिव तथा प्राविधिकको कर्मचारी विना सेवा प्रवाहमा निकै असहजाता भएकोले नागरिकहरुको सेवा प्रवाहको लागी गाउँपालिकाले प्रक्रिया पुरा गरी अस्थायी पदमा पद पुर्ति गरेको छ ।गाउँपालिका भित्रका नागरिकहरुलाई छिटो,सरल र सहिज तरिकाले सेवा प्रदान गर्ने उद्देश्यले नियूक्ति गरिएका कर्मचारीहरुको पारिश्रमिक वा तलब भत्ता गाउँपालिकाले सम्बन्धित कर्मचारीहरुलाई नै पारिश्रमिक कर्मचारी शिर्षक वाट भुक्तानी भएको देखिएता पनि सो भुक्तानी भएको सरकारी हानी नोक्सानी नभएको र सही ठाउँमा प्रयोग भएकोले सो बेरुजु रकम नियमित गर्दै संम्परिक्षण गरिदिनका लागी श्री महालेखापरिक्षकको कार्यालयलाई | रु.१८,३७,६७९.०० |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | गाउँसभाको निर्णय | रकम |
|---|---|---|---|---|---|
| | | | | सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | |
| ७ | ४८.३ | खर्च शिर्षक फरक | रु.१,२९,२०२.०० | गाउँपालिकाले आमा सुरक्षा कार्यक्रमवाट स्वास्थ्य सामाग्रीहरु खरिद गरी नागरिकको उपचारको प्रयोजनका लागी मात्र खर्च भएको र भुक्तानी तथा खर्च भएको रकम दोहोरो भुक्तानी नभएको तथा सरकारी हानी नोक्सानी नभएको र सही सदुपयोग भएकोले सो बेरुजु रकम नियमित गर्दै संम्परिक्षणका गरिदिनका लागी श्री महालेखा परिक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने निर्णय पारित गरियो । | रु.१,२९,२०२.०० |

९. यस सम्मानित गाउँसभामा थुलुङ दुधकोशी गाउँपालिकाका श्रद्धेय कार्यवहाक अध्यक्ष तथा न्यायिक समितिको संयोजक श्री सविता राई ज्यूले आ.व.२०८२/०८३ को न्यायिक समितिद्वारा सम्पादन गरिएका कार्यहरूको प्रतिवेदन पेश गर्नु भएकोमा उक्त प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

१०. यस सम्मानित गाउँसभामा थुलुङ दुधकोशी गाउँपालिकाको श्रद्धेय कार्यवहाक अध्यक्ष श्री सविता राईज्यूले आ .व. २०८२/८३ को योजना अनुगमन सम्बन्धी हालसम्म भएको काम कारवाही सम्बन्धी प्रस्तुत गर्नु भएको प्रतिवेदन छलफल गरि सर्वसम्मतले पारित गर्ने निर्णय गरियो। आ.व.२०८२/८३ को स्थानीय बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धी प्रतिवेदन समेत छलफल गरि सर्वसम्मतले पारित गरियो।

११. आ.व. २०८२/०८३ को बजेट, योजना तथा कार्यक्रमहरूको कार्यान्वयनको भुक्तानी तथा प्रगति सम्बन्धी प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रस्तुत गर्नु भएको प्रगति प्रतिवेदन सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो।

१२. यस गाँउपालिका भित्र संचालनमा रहेका मेलमिलाप कर्ताहरुको वार्षिक सुचिकृत गर्ने सर्वसम्वतले पारित गर्ने निर्णय गरियो ।

१३. यस थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ६,मुक्लीमा निर्माणाधीन खेलग्रामको मिति २०८३/०३/०९ गतेको कार्यपालिकाको निर्णयानुसार भेरिएसन प्रतिवेदन सम्बन्धी छलफल गरी भेरिएसन आदेश स्वीकृत गर्ने सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

१४. आर्थिक वर्ष २०८२/८३ मा सम्झौता भएका तथा कार्य सम्पन्न भई भुक्तानी दिन बाँकी रहेका योजना तथा कार्यक्रमहरुको सम्बन्धमा आर्थिक वर्ष २०८२/८३ को मौज्दात रहेको बजेटवाट भुक्तानी हुने गरी आर्थिक वर्ष २०८३/८४ को बजेटमा समावेश गरी भुक्तानी दिने निर्णय सर्वसम्मतले पारित गरियो ।

१५. यस थुलुङ दुधकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८० देखी २०८५ सम्मको गाउँ शिक्षा योजनालाई अध्याधिक गरी आर्थिक वर्ष २०८२ देखी २०९२ सम्मको १० वर्षे गाउँ शिक्षा योजना स्वीकृत गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

१६. कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि, २०८३ लाई सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

१७. चिन सरकारले यस थुलुई दुधकोशि गाँउपालिकालाई अनुदानमा उपलब्ध गराएको रोलर मेशिन र ब्याकुलोडर मेशिन संचालन कार्यविधि सर्वसम्मतले पारित गरियो ।